राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २६१ | २०८३ जेठ २१ गते बिहिवार | (Thursday, 4 June, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## मधेशमा साना योजनामा लफडा

# खुद्रे योजनाको किचलोले मन्त्री क्वार्टरमै हंगामा




**शैलेन्द्र महतो**

*जनकपुरधाम, जेठ २० गते ।*

मधेश प्रदेशकी तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री रानीकुमारी तिवारी शर्माको क्वार्टरमा गत २ जेठमा दुई कर्मचारीबीच योजना कार्यान्वयनबारे विवाद भयो । मन्त्री तिवारी र सचिव दिलिपकुमार ठाकुरकै अगाडि अश्लिल शब्दमा एकअर्काबीच गालीगलोज मात्र भएन, हात हालाहालकै स्थिति बन्यो । यो विवाद शिक्षा इकाइमा कार्यरत अधिकृत लक्ष्मण राम र मन्त्रालयका लेखा अधिकृत सुशीलकुमार यादवबीच भएको थियो । विवादको विषय थियो- रेडबुकमा रहेका तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे कार्यक्रम कार्यान्वयन कसरी गर्ने ।

अधिकृत रामको तर्क थियो- तालिमहरू पत्रपत्रिकामा विज्ञापन गरेर मात्र सञ्चालन हुनुपर्छ । मन्त्रालयले भने गोप्य रूपमै सञ्चालन गर्न चाहेको थियो । यही विषयमा भनाभान हुँदै दुई कर्मचारीबीच गालीगलोजसँगै हात हालाहालको स्थिति सिर्जना भएको थियो ।

शिक्षा तथा संस्कृति मन्त्रालयमा तालिम, गोष्ठी, सडक नाटक जस्ता खुद्रे योजना ७ करोड रुपैयाँ हाराहारीमा छन् । यस्ता योजनाहरू विगतमा पनि मन्त्री, सचिवदेखि तल्लो तहका कर्मचारीसम्मको मिलेमतोमा व्यक्ति वा फर्मलाई कमिसन लिएर बेच्ने गरिएको आरोप लाग्दै आएको छ ।

लेखाअधिकृत यादवले आफूहरूबीच योजना कार्यान्वयनका लागि कुनै विवाद नभएको दाबी गरे ।

'हामीबीच योजना कार्यान्वयनको विषयमा कुनै विवाद भएको छैन । विधिवत् टेन्डर निकालेर योजना कार्यान्वयन गर्न लागिएको हो,' उनले दाबी गरे ।

मन्त्री क्वार्टरमा भएको घटनापछि इकाइ अधिकृत रामको जेठ ६ गते अचानक शिक्षा विकास निर्देशनालयमा सरुवा भयो । उनको स्थानमा अर्का अधिकृत किशोरी कापरलाई जिम्मेवारी तोकियो ।

'मलाई गोप्य रूपमा यस्ता योजना सञ्चालन गर्न दबाब दिइएको थियो । मैले त्यसो नगर्ने भनेपछि विवाद भएको थियो,' अधिकृत रामले भने, 'मेरो किन सरुवा भयो, उहाँहरूलाई नै थाहा होला ।'

तत्कालीन मन्त्री तिवारीले पनि मन्त्रालयकै इकाइ शाखाका कर्मचारीबीच विवाद भएको स्वीकारेकी थिइन् । मन्त्रालयका सचिवले भने विवाद नभएको जिकिर गरेका थिए । कर्मचारी सरुवा नियमित रहेको उनीहरूको तर्क थियो । तालिम र गोष्ठीका योजनाहरू कार्यान्वयन गर्ने उद्देश्यले नै मन्त्री, सचिवको सहमतिमा रामको सरुवा भएको थियो । तर जेठ ७ गते सत्ता समीकरण फेरिएपछि जसपा नेपालबाट

- बाँकी पृष्ठ ३ मा

## मधेशमा मन्त्रालय घटाउने गृहकार्य सुरु



**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, जेठ २० गते ।*

मधेश प्रदेशमा मन्त्रालय घटाउने गृहकार्य सुरु गरिएको छ । मधेश सरकारले मन्त्रालयहरूको संख्या घटाउन कार्यदल बनाएको हो । मधेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्य कार्यदल गठन भएको छ । मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले कार्यदल गठन गर्ने निर्णय गरेको हो ।

कार्यदलको सदस्यमा मुख्यमन्त्री कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन् ।

सत्ता समीकरण फेरिएपछि सत्ता घटक तीन दलबीच भएको १५ बुँदे सहमतिमा मन्त्रालयको संख्या घटनाउने उल्लेख थियो ।

## महोत्तरीमा गोली चलाएर लुटपाट

**गौशाला :** महोत्तरीमा डाँका चोरीमा संलग्न व्यक्तिहरुको गोली प्रहारबाट दुई जना घाइते भएका छन् ।

महोत्तरीको सोनमा गाउँपालिका-३ खखनामा मंगलबार राति राम विश्वास यादवको घरमा डाँकाचोरी भएको हो । सो क्रममा डाँका समूहले गोली प्रहार गर्दा रामविश्वासका ज्वाईं ईश्वर यादव र छोरी किरण यादव घाइते भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी पञ्चलाल गोलेले जानकारी दिए ।

दुवै जनाको जनकपुरस्थित जानकी हेल्थ केयरमा उपचार भइरहेको छ । घटनाबारे प्रहरीले बिहानपख थाहा पाएको हो । घटनाको थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

## जनकपुरधाम उपमहानगरको दैनिक इन्धन खर्च ८३ हजारभन्दा बढी




**द पब्लिक टुडे समाचारदाता**

*जनकपुरधाम, जेठ २० गते ।*

जनकपुरधाम उप महानगरपालिकाले गत आर्थिक वर्षमा इन्धनमा मात्र दैनिक ८३ हजारभन्दा बढी रकम खर्च गरेको खुलेको हो । उपमहानगरपालिकाले आर्थिक वर्ष २०८१।८२ मा इन्धनमा कुल ३ करोड ३ लाख ५ हजार २८५ रुपैयाँ खर्च गरेको हो अर्थात एक दिनमा ८३ हजार २८ रुपैयाँ खर्च गरेको हो ।

महालेखापरीक्षकको कार्यालयले इन्धन खर्च गर्दा पाम्समा प्रविष्टी नगरेको, पालिकाले सवारी साधनको लागि मासिक रुपमा निर्देशिकाले तोकेको मापदण्ड अनुसार इन्धन सुविधा वितरण नगरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

- बाँकी पृष्ठ ३ मा

## जानकी मेडिकल कलेजका प्रमुख पाण्डे पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, जेठ २० गते ।*

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले बैंकको कर्जा दुरुपयोग गरेको आरोपमा जानकी मेडिकल कलेजका प्रमुख ओमप्रसाद पाण्डेलाई पक्राउ गरेको छ । सीआईबी टोलीले बुधबार उनलाई कलेज परिसरबाटै पक्राउ गरेको हो ।



ओमप्रसाद पाण्डे

पाण्डेले महोत्तरीको बर्दिबास नगरपालिका-६ मा 'इन्स्टिच्युट अफ एग्रिकल्चर, फरेस्ट एन्ड भेटेरिनरी साइन्सेस प्रालि' नामक शेल कम्पनी स्थापना गरी प्रभु बैंकबाट कर्जा लिएको प्रहरीले जानकारी दिएको छ । कम्पनीको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) नै नभएको अवस्थामा धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गराई कर्जा स्वीकृत गराएको अनुसन्धानबाट खुलेको प्रहरीले बताएको छ ।

प्रहरीले पाण्डेले बैंकबाट लिएको कर्जा तोकिएको प्रयोजनमा प्रयोग नगरी अन्यत्र लगानी गर्दै पटक-पटक दुरुपयोग गरेको आरोप लगाएको छ ।

काठमाडौं महानगरपालिका-९ रातोपुल निवासी पाण्डे राम जानकी हेल्थ फाउन्डेसनका सञ्चालक समिति अध्यक्ष तथा उक्त कम्पनीका एकल सञ्चालक हुन् ।

उच्च अदालत पाटनबाट २०८२ मंसिर २८ गते पक्राउ पुर्जी जारी भएपछि फरार रहेका प्रमुख पाण्डेलाई सीआईबीले पक्राउ गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिए ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily
'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय.............

### विद्युतमा भ्याटको बोझ : हरित ऊर्जामाथि प्रतिकूल सन्देश

आर्थिक वर्ष २०८३/०८४ का लागि नेपाल सरकारले प्रस्तुत गरेको बजेटमा ५० युनिटभन्दा बढी विद्युत खपत गर्ने उपभोक्ताबाट ५ प्रतिशत भ्याट असुल गर्ने व्यवस्था गरिएको छ । राजस्व वृद्धि गर्ने उद्देश्यले ल्याइएको यो व्यवस्था सतही रूपमा सामान्य देखिए पनि यसको दूरगामी प्रभाव भने सरकारकै घोषित ऊर्जा नीति र राष्ट्रिय हितविपरीत देखिन्छ ।

नेपालले लामो समयदेखि पेट्रोलियम पदार्थको आयात घटाउँदै स्वदेशमै उत्पादित जलविद्युतको प्रयोग बढाउने नीति अवलम्बन गर्दै आएको छ । विद्युतीय चुल्हो, विद्युतीय सवारी साधन, सिंचाइ तथा औद्योगिक क्षेत्रमा विद्युतको प्रयोग विस्तार गर्न सरकारले निरन्तर प्रोत्साहन पनि दिँदै आएको छ । यस्ता नीतिगत प्रतिबद्धताका बीच विद्युत खपतमा थप करको भार थोपर्नु भनेको उपभोक्तालाई विद्युत प्रयोगबाट निरुत्साहित गर्नु सरह हो ।

पूर्व ऊर्जामन्त्री कुलमान घिसिङले समेत यो व्यवस्थाले आन्तरिक विद्युत खपत विस्तार गर्ने राष्ट्रिय लक्ष्यलाई कमजोर बनाउने बताएका छन् । उनको भनाइमा सार छ । विद्युत उत्पादनमा अर्बौं लगानी भइरहेको अवस्थामा त्यसको आन्तरिक बजार विस्तार गर्नु राज्यको प्राथमिकता हुनुपर्छ । खपत बढेमा मात्र उत्पादनको उचित उपयोग हुन्छ र ऊर्जा क्षेत्रमा गरिएको लगानीको प्रतिफल प्राप्त हुन सक्छ ।

यो व्यवस्थाको प्रत्यक्ष असर किसान, मध्यमवर्गीय परिवार तथा घरेलु उपभोक्तामाथि पर्नेछ । अहिले धेरै किसानले सिंचाइ, पशुपालन तथा कृषि प्रशोधनका कार्यमा विद्युत प्रयोग गरिरहेका छन् । त्यस्तै खाना पकाउने, पानी तताउने तथा अन्य घरेलु प्रयोजनका लागि विद्युतको उपयोग बढ्दो क्रममा छ । यस्ता उपभोक्तामाथि थप करको भार थोपर्नु उत्पादनशील क्षेत्रलाई नै निरुत्साहित गर्नु हो ।

## राशिफल

मेष - नयाँ योजना बन्नेछ ।
वृष - ईष्ट मित्रबाट सहयोग प्राप्त हुने ।
मिथुन - चिन्ता बढ्ने ।
कर्कट - आम्दानी भन्दा खर्च धेरै हुने ।
सिंह - नजिकका साथीले धोका दिन सक्छ ।
कन्या - मान सम्मान बढ्ने ।
तुला - यात्राको योग छ ।
वृश्चिक - मान प्रतिष्ठामा आँच आउने ।
धनु - मुद्दा मामिलामा जित हुने ।
मकर - स्वास्थ्यमा समस्या हुने ।
कुम्भ - नयाँ अवसर प्राप्त हुनेछ ।
मिन - प्रियसी मिलन हुने ।

# डोजर आतंक र भावनात्मक नाराले गाँठो परेको सुकुमवासी समस्या




**डा. वसन्त न्यौपाने**

*विचार*

कुनै पनि समाजको परिपक्वता उसले कमजोर नागरिकप्रति कति सहानुभूति राख्छ भन्ने कुराले मात्र मापन हुँदैन; उसले न्याय, कानून र साझा सार्वजनिक हितलाई कसरी सन्तुलित गर्छ भन्ने कुराले पनि निर्धारण गर्छ । काठमाडौंका नदी किनारमा रहेका सुकुमवासी बस्तीबारे अहिले भावनात्मक बहस तीव्र बनेको छ । धेरै लेख, टिप्पणी र भाष्यहरूले सुकुमवासीलाई केवल पीडित समुदायका रूपमा प्रस्तुत गरिरहेका छन् । उनीहरूको गरिबी, विस्थापन र सङ्घर्षको कथा वास्तविक हो, त्यसलाई अस्वीकार गर्न मिल्दैन । तर, प्रश्न यति मात्र होइन । प्रश्न यो पनि हो– के राज्यले सार्वजनिक सम्पत्ति, वातावरणीय सुरक्षा, नदी प्रणाली, शहरी योजना र कानूनी शासनलाई पूर्ण रूपमा बेवास्ता गरेर मात्र समस्याको समाधान गर्न सक्छ ?

कहिलेकाहीं मानिसहरूको बुझाइ र यथार्थ बीच ठूलो अन्तर हुन्छ । भावनाले मात्रै निर्माण गरेको भाष्यले यथार्थलाई एकतर्फी बनाउन सक्छ । आज सुकुमवासी समस्यामा त्यही भइरहेको देखिन्छ ।

एउटा पक्षले केवल डोजर देखिरहेको छ, तर अर्को पक्षले दशकौंदेखि भइरहेको अनियन्त्रित अतिक्रमण, नदी प्रदूषण, बाढी जोखिम, राजनीतिक संरक्षण र शहरी अराजकतालाई पनि देख्न आवश्यक छ ।

सर्वप्रथम एउटा कुरा स्पष्ट हुनुपर्छ– गरिब हुनु अपराध होइन । तर गरिबीको नाममा कुनै पनि सार्वजनिक क्षेत्र स्थायी रूपमा कब्जा गर्ने अधिकार पनि स्वतः प्राप्त हुँदैन । यदि राज्यले कानूनलाई पूर्ण रूपमा निष्क्रिय बनायो भने त्यसको असर अन्ततः सबैभन्दा धेरै कमजोर नागरिकमाथि नै पर्छ । नदी किनारका बस्तीहरू केवल आवासीय समस्या होइनन्, ती काठमाडौंको वातावरणीय सङ्कट, जलप्रवाह अवरोध, फोहोर व्यवस्थापन, बाढी जोखिम र अव्यवस्थित शहरीकरणसँग गहिरो रूपमा जोडिएका विषय हुन् ।

काठमाडौं उपत्यकाका नदीहरू कुनै समय सभ्यताको आधार थिए । आज तिनको अवस्था हेर्दा हामीले विकासको नाममा प्रकृतिमाथि कति हिंसा गरेका छौं भन्ने स्पष्ट हुन्छ । नदी साँघुरो बनाइयो, ढल मिसाइयो, किनार अतिक्रमण गरियो ।

वर्षायाममा सामान्य वर्षा समेत जोखिमपूर्ण बन्नुको एउटा कारण यही अव्यवस्थित बसोबास पनि हो । जब नदीको प्राकृतिक बहाव रोकिँदै जान्छ, त्यसको मूल्य सम्पूर्ण शहरले चुकाउँछ । काठमाडौंका नदीहरू पानी बग्ने माध्यम मात्र होइनन्, ती शहरको वातावरणीय सुरक्षा प्रणाली, भू-जल पुनर्भरणको आधार, जैविक विविधताको स्रोत र विपद् व्यवस्थापनको प्राकृतिक संरचना पनि हुन् । जब नदी किनार अव्यवस्थित रूपमा अतिक्रमण गरिन्छ, त्यसले सार्वजनिक जग्गाको प्रश्न मात्र उठाउँदैन, सम्पूर्ण शहरको दीर्घकालीन सुरक्षामाथि असर पार्छ । कुनै पनि आधुनिक शहरमा नदी क्षेत्रलाई 'नो बिल्ड जोन' का रूपमा संरक्षण गरिन्छ । भारत, चीन, दक्षिण कोरिया, सिङ्गापुर वा युरोपका शहरहरूले पनि नदी पुनर्जीवनका लागि अतिक्रमण हटाएका उदाहरण प्रशस्त छन् । काठमाडौंमा मात्रै यस्तो बहस हुनुको कारण यहाँ समस्या वर्षौंसम्म राजनीतिक लाभका लागि जानीजानी थाती राखिनु हो ।

उदाहरणका लागि, दक्षिण कोरियाको सियोलमा रहेको चेओङ्ग्येचोन नदी कुनै समय अत्यधिक प्रदूषित र अतिक्रमित क्षेत्रमा परिणत भएको थियो । सरकारले दीर्घकालीन योजना बनाएर त्यहाँ रहेका अव्यवस्थित संरचना हटायो, वैकल्पिक व्यवस्थापन गर्‍यो र नदीलाई पुनर्जीवित बनायो । आज त्यो क्षेत्र सियोलको पर्यावरणीय र आर्थिक पुनर्जागरणको प्रतीक बनेको छ । भारतको अहमदाबादमा 'साबरमती रिभरफ्रन्ट' परियोजनाअन्तर्गत हजारौं परिवारलाई व्यवस्थापन गर्दै नदी क्षेत्र पुनर्संरचना गरियो । त्यहाँ आलोचना पनि भए, तर शहरले बाढी नियन्त्रण, सार्वजनिक खुला क्षेत्र र व्यवस्थित शहरी पूर्वाधार प्राप्त गर्‍यो । सिङ्गापुरले त दशकौंअघि नै नदी प्रदूषण नियन्त्रण र किनार व्यवस्थापनलाई राष्ट्रिय प्राथमिकता बनाएको थियो । नेपालले पनि यहाँ भावनात्मक बहसभन्दा व्यावहारिक समाधान खोज्नुपर्छ । समाधानको पहिलो आधार वैज्ञानिक वर्गीकरण हो । वास्तविक भूमिहीन, विपद्पीडित, दीर्घकालीन बसोबासी र अवसरवादी अतिक्रमणकारीलाई एउटै समूहमा राखेर हेर्न मिल्दैन । नदी संरक्षणलाई कानूनी रूपमा कडाइका साथ लागू गर्नुपर्छ, ताकि भविष्यमा फेरि अतिक्रमण दोहोरिन नपाओस् । यदि आज पनि राजनीतिक स्वार्थका कारण समस्या थाती राखियो भने भोलिको काठमाडौं अझ असुरक्षित, प्रदूषित र विपद् जोखिमयुक्त शहर बन्नेछ । वास्तविक समस्या के हो भने, नेपालमा सुकुमवासी मुद्दा समाधानभन्दा बढी राजनीति गर्ने साधन बनाइयो । चुनाव आउँदा लालपुर्जाको सपना बाँडियो, आन्दोलनका बेला सहानुभूति देखाइयो, तर दीर्घकालीन नीति कहिल्यै बनाइएन । फलस्वरूप वास्तविक भूमिहीन र अवसरवादी अतिक्रमणकारी एउटै भीडभित्र मिसिए । यही कारण आज समस्या झन् जटिल बनेको छ ।

हामीले एउटा कठिन तर आवश्यक प्रश्न सोध्नुपर्छ– के सबै नदी किनारमा बस्ने मानिस वास्तविक भूमिहीन नै छन् ? तथ्यहरूले देखाउँछन् कि धेरै स्थानमा दोहोरो स्वामित्व भएका, राजनीतिक पहुँच प्रयोग गर्ने, सार्वजनिक जग्गा कब्जा गरेर पछि वैधानिकता खोज्ने समूहहरू पनि छन् । यदि राज्यले कुनै स्पष्ट मापदण्ड विना सबै अतिक्रमणलाई वैध बनायो भने त्यसले भविष्यमा झन् ठूलो अराजकता निम्त्याउँछ । भोलि फेरि अर्को सार्वजनिक क्षेत्र कब्जा गरिन्छ र त्यसलाई पनि गरिबीको नाममा वैधता दिन दबाब सिर्जना हुन्छ ।

मानवताका नाममा कानूनलाई निष्क्रिय बनाउनु दीर्घकालीन समाधान होइन । राज्यको पहिलो दायित्व नागरिकप्रति हुन्छ, तर त्यो दायित्व सम्पूर्ण नागरिकप्रति समान हुन्छ । एउटा वर्गलाई संरक्षण गर्दा अर्को वर्गको सुरक्षा, वातावरणीय अधिकार र सार्वजनिक स्रोतको हित नष्ट गर्न पाइँदैन । नदी किनार अतिक्रमणका कारण हुने बाढी, प्रदूषण र अव्यवस्थित विस्तारको असर लाखौं काठमाडौंवासीले भोगिरहेका छन् ।

यसको अर्थ राज्यले अमानवीय व्यवहार गर्न पाउँछ भन्ने होइन । समस्या यहींनेर छ, बहसलाई 'डोजर आतङ्क' मा सीमित गरियो । जबकि वास्तविक समाधान 'कानूनी शासन + मानवीय पुनर्स्थापना' को सन्तुलनमा छ । राज्यले यदि पुनर्स्थापनाको पर्याप्त विकल्प नदिई जबर्जस्ती उठीबास गर्छ भने त्यो गलत हो । तर यसको उल्टो, राज्यले सार्वजनिक जग्गामाथिको अनन्त अतिक्रमणलाई स्वीकार गरिरहनु पनि गलत हो ।

आज काठमाडौंले अर्को ठूलो प्रश्न सामना गरिरहेको छ– यो राजधानी शहर कसका लागि हो ? यदि शहरमा केवल बसोबासको अधिकारको कुरा गर्ने हो भने योजनाबद्ध शहरी विकास कहिल्यै सम्भव हुँदैन । सडक, नदी, पार्क, खुला क्षेत्र, सार्वजनिक संरचना र वातावरणीय सुरक्षालाई पनि समान महत्त्व दिनुपर्छ । संसारका कुनै पनि व्यवस्थित शहरले नदी किनारमा अनियन्त्रित बस्तीलाई दीर्घकालीन समाधानका रूपमा स्वीकार गरेका छैनन् ।

केही भाष्यहरूले सुकुमवासी बस्तीलाई पूर्ण रूपमा राज्यको असफलताको परिणाम मात्र देखाउन खोज्छन् ।

राज्यको असफलता निःसन्देह ठूलो कारण हो, तर व्यक्तिगत र सामूहिक जिम्मेवारीको प्रश्न पनि त्यत्तिकै महत्त्वपूर्ण छ । यदि हरेक नागरिकले सार्वजनिक सम्पत्तिलाई आफ्नो स्वार्थ अनुसार प्रयोग गर्न थाल्यो भने समाजमा कानूनी शासनको आधार कमजोर हुन्छ ।

नेपालले यहाँ अर्को वास्तविकता पनि बुझ्नुपर्छ– काठमाडौंको भौगोलिक क्षमता सीमित छ । जनसङ्ख्या, सवारी, प्रदूषण, फोहोर, पानी र पूर्वाधारको चाप अत्यधिक बढिसकेको छ । यस्तो अवस्थामा अव्यवस्थित बसोबासलाई निरन्तर विस्तार हुन दिनु भनेको शहरलाई भविष्यमा अझ ठूलो सङ्कटतर्फ धकेल्नु हो ।

यसकारण समाधान भावनात्मक नारा होइन, स्पष्ट नीति हुनुपर्छ । पहिलो चरणमा वास्तविक भूमिहीनको वैज्ञानिक पहिचान आवश्यक

– बाँकी पृष्ठ ३ मा

## जनकपुरधाम उपमहानगरको दैनिक...

जनकपुरधामका पदाधिकारीले १४ लाख ९४ हजार, कार्यालय तथा अन्य प्रयोजनमा २ करोड ८८ लाख ११ हजार २८५ रुपैयाँ खर्च गरेको हो ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नगरपालिका।गाउँपालिकाको कार्य सञ्चालन निर्देशिका, २०७७ को निमय ९(१) सरकारी तथा निजी साधन प्रयोग गरी नियमित रुपमा कार्यलयमा आउने कर्मचारीलाई अनुसूची १ बमोजिमको इन्धन सुविधा उपलब्ध गराउने तथा नीजि सवारी साधनमा आएमा ब्लू बुकको छाँयाप्रति र लाइसेन्सको प्रतिलिपि अनिवार्य रुपमा कार्यालयमा बुझाउनुपर्ने व्यवस्था छ ।

महालेखापरीक्षकको प्रतिवेदन अनुसार उपमहानगरसँग २ वटा टाटा सफारी, एउटा ब्रुमर, एउटा पिकअप, एउटा जिप, २ वटा ब्याकुलोडर, ८ वटा टिपर, २१ वटा ट्याक्टर, ४ वटा म्याजिक गाडी, २ वटा पानी टंकी, एउटा एम्बुलेन्स, ३ वटा बारुण यन्त्र, एउटा हाईडेक ट्रक, एउटा हाई प्रेसन सेवर मेसिन, एउटा शिल्ट कलिनर मेसिन, एउटा डिच क्लिनर, ४ वटा स्कुटर र ३१ वटा मोटरसाइकल रहेको छ ।

महालेखापरीक्षकको प्रतिवेदनमा गाडीहरुको संख्या उल्लेख भएपनि यसमध्ये केही गाडी भने बिग्रेर थन्केको अवस्थामा छ । उपमहानगरपालिकाले निर्देशिकाले तोकेको मापदण्ड अनुसार इन्धन सुविधा वितरण नगरेकाले यसमा मितव्ययी रुपले गर्नुपर्ने जनाएको हो ।

यस्तै, उपमहानगरले सवारी साधन मर्मत तथा सम्भारमा १ करोड ४८ लाख ६१ हजार रुपैयाँ खर्च गरेको छ । यसरी उपमहानगरले खर्च गरेपनि मेशिनरी औजार सामग्री मर्मतको स्थायी अभिलेख र लगसिट तयार नगरेको, एउटै सवारी साधन पटक पटक मर्मच गरी खर्च गरेको, मर्मत खर्च सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्नेमा कर्मचारीहरुको नाममा समेत भुक्तानी गरेको पाइएको छ ।

उपमहानगरका पदाधिकारीले सेवासुविधा वापत लाखौं रुपैयाँ बुझेका छन् । स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार आव २०८१।८२ मा यातायात सुविधावापत पदाधिकारीहरुले ७० लाख ९२ हजार, टेलिफोन तथा मोबाइल वापत ३४ लाख ५६ हजार, पत्रपत्रिका तथा इन्टरनेटवापत ३४ लाख ५६ हजार, अतिथि सत्कारवापत ७० लाख ६८ हजार, दशैं भत्तावापत १९ लाख ५, बैठक भत्तावापत ८९ लाख गरी ३ करोड १८ लाख ७७ हजार रुपैयाँ बुझेको छ । उपमहानगरका पदाधिकारीले सुविधावापत बुझेको रकम आन्तरिक आयको १९.३६ प्रतिशत हो ।

## मधेशमा साना योजनामा...

मन्त्री रहेकी तिवारी बर्खास्तीमा परिन् ।

अहिले नेकपा एमालेबाट मनोजकुमार सिंह शिक्षा तथा संस्कृति मन्त्री छन् ।

मन्त्रालय त्यस्ता तालिम, गोष्ठी जस्ता योजनाहरू कार्यान्वयनको लागि अघि बढेको छ ।

विवादपछि थाती रहेका खुद्रे योजनाहरू कार्यान्वयन गर्न मन्त्रालयले मंगलबार सूचना प्रकाशित गरेको छ ।

११ वटा यस्ता योजना कार्यान्वयन गर्न प्रस्ताव पेसको लागि मन्त्रालयले निकालेको १५ दिने सूचनामा १० लाखका ८ वटा, ९ लाखका २ वटा र ८ लाखको एउटा योजना छन् ।

वर्तमान मुख्यमन्त्री कृष्णप्रसाद यादव भने यस्ता योजनाहरू कार्यान्वयन नगर्नेमा थिए । मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षमा बजेट घाटा १२ अर्बभन्दा बढी रहेकोले प्रत्येक योजनामा २० प्रतिशत कटौती गरेर कार्यान्वयन गर्न र चल्न नसक्ने, औचित्यहीन र टुक्रे योजनाहरूलाई समर्पण गर्न अर्थ मन्त्रालयले पत्राचार नै गरेको थियो । तर, केही मात्रामा मात्र कार्यान्वयन भयो ।

आर्थिक वर्षको अन्त्यमा आएर यस्ता खुद्रे र औचित्यहीन योजनाहरू कार्यान्वयन गर्न मन्त्रालय अग्रसर भएको छ ।

मन्त्रालयको स्वीकृत बजेट रहेकाले कार्यान्वयनमा अगाडि बढेको मन्त्रालयका सचिव दिलिप ठाकुरले बताए । 'यो स्वीकृत बजेट हो । केही दिन अघिसम्म बजेट अर्थ मन्त्रालयमै पीएलआईएमबीएसमा लक थियो । खुलेपछि कार्यान्वयन गर्न लागिएको छ,' उनले भने ।

यो मन्त्रालयमा योजना कार्यान्वयनको विषयलाई लिएर सधैं लफडा हुने गरेको छ । योजनाको चिठी बिक्री-वितरण यो मन्त्रालय मात्र होइन, मधेश सरकारका हरेक निकायमा समान्य जस्तै भइसकेको छ ।

वैशाख २८ गते यसै मन्त्रालयमा तत्कालीन मन्त्री तिवारी र रौतहटको बौधीमाई नगरपालिकाका मेयर प्रदीप यादवबीच योजनाका 'चिठी बेचेको' विषयलाई लिएर विवाद भएको थियो ।

मेयर यादवले आफ्नो पालिकाका केही वडाको योजनाको चिठी बेचेको विषयमा गुनासो गर्न जाँदा मन्त्री तिवारीकै कार्यकक्षमा नोकझोक भएको थियो ।

## मधेसमा राजनीतिक तनाव...

सांसद सञ्जयकुमार यादवले पनि विवाद भएको स्वीकारे ।

उनले भने, 'ऐन र मापदण्डविपरीत गरिएका नियुक्ति खारेज गरी मुख्यमन्त्रीज्यूले माफी राख्नुपर्ने कुराले दुवै पक्षले आफ्ना कुरा राख्दा भनाभन भएको हो ।'

दुई पक्षले आफ्नो कुरा राख्दा भनाभन र वैचारिक विवाद हुनु स्वभाविक भएको उनले बताए ।

कानुनी व्यवस्थाअनुसार संवैधानिक तथा अर्धसंवैधानिक नियुक्तिका लागि सरकारका तर्फबाट मुख्यमन्त्रीसहित सभामुख र विपक्षी दलका नेता सम्मिलित गठित समितिमार्फत् हुनुपर्ने हो ।

तर मुख्यमन्त्री यादवले सभामुख र प्रतिपक्षी दललाई जानकारीनै नदिई एकलौटीरूपमा नियुक्ति नियुक्ति गरेको आरोप प्रतिपक्षी दलहरूको छ ।

गत जेठ ६ गते जनलोकपाल आयोगको सदस्यमा महोत्तरी औरही नगरपालिका वडा नं ७ का सञ्जीवकुमार झा, वडा ८ की कुमारी सुजाता विमल र लोक सेवा आयोगमा धनुषाको सबैला नगरपालिका वडा नं ३ का विमला यादवलाई सदस्य नियुक्त गरिएको थियो ।

## डोजर आतंक र भावनात्मक...

छ । राष्ट्रिय परिचयपत्र, भूमि अभिलेख, स्थानीय तह र डिजिटल म्यापिङलाई एकीकृत गरेर स्पष्ट वर्गीकरण गर्नुपर्छ । जो वास्तविक भूमिहीन छन्, उनीहरूलाई सम्मानजनक पुनर्स्थापनाको अधिकार सुनिश्चित गरिनुपर्छ । तर जो व्यक्तिहरूले सार्वजनिक सम्पत्ति कब्जा गरेर राजनीतिक दबाब मार्फत वैधता खोजिरहेका छन्, उनीहरूलाई कानून अनुसार व्यवस्थापन गर्नुपर्छ ।

दोस्रो कुरा, पुनर्स्थापना शहरको आवश्यकता र आर्थिक यथार्थसँग जोडिनुपर्छ । श्रमिक वर्गलाई पूर्ण रूपमा शहरबाहिर धकेल्नु व्यावहारिक हुँदैन । त्यसैले सरकारले न्यून आय भएका वर्गका लागि सस्तो आवास योजना, श्रमिक आवास, भाडा नियमन र सार्वजनिक यातायातसँग जोडिएको उपयुक्त बसोबास नीति ल्याउनुपर्छ ।

तेस्रो कुरा, नदी संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्छ । नदी पानी बग्ने ठाउँ मात्र होइन, त्यो वातावरणीय सुरक्षा प्रणाली हो । जलवायु परिवर्तनका कारण बाढी र अत्यधिक वर्षाको जोखिम बढिरहेको अवस्थामा नदी क्षेत्र अतिक्रमणलाई दीर्घकालीन रूपमा स्वीकार गर्नु आत्मघाती हुन्छ ।

चौथो कुरा, राजनीतिक इमानदारी अत्यावश्यक छ। वर्षौंसम्म राजनीतिक दलहरूले सुकुमवासीलाई भोट बैङ्कका रूपमा प्रयोग गरे। चुनावअघि लालपुर्जाको सपना बाँड्ने, आन्दोलनका बेला सहानुभूति देखाउने तर सत्तामा पुगेपछि समस्या थाती राख्ने प्रवृत्तिले आजको सङ्कट जन्माएको हो । यदि समयमै स्पष्ट, वैज्ञानिक र दीर्घकालीन नीति बनाइएको भए, हजारौं परिवार अनिश्चितता र उठीबासको पीडामा पर्ने थिएनन् । त्यसैले अब फेरि भावनात्मक भाषण होइन, स्थायी नीति चाहिन्छ । दार्शनिकले भनेझैं राज्यको अस्तित्व केवल शक्ति प्रयोगका लागि होइन, सामाजिक अव्यवस्था रोक्न र नागरिकलाई सुरक्षित भविष्य दिनका लागि हो ।

अहिले बहसमा अर्को खतरनाक प्रवृत्ति पनि देखिन्छ– राज्यलाई पूर्ण रूपमा 'राक्षस' का रूपमा चित्रण गर्ने । लोकतान्त्रिक राज्यको आलोचना आवश्यक हुन्छ, तर हरेक कानूनी कार्यान्वयनलाई अमानवीय दमनका रूपमा चित्रण गर्दा समाजमा संस्थाप्रतिको विश्वास कमजोर हुन्छ । यदि अदालतले नदी क्षेत्र खाली गराउन आदेश दिएको छ भने राज्यसँग त्यसलाई कार्यान्वयन गर्ने दायित्व पनि हुन्छ । प्रश्न कार्यान्वयनको शैलीबारे हुन सक्छ, तर कानूनको अस्तित्व नै अस्वीकार गर्न मिल्दैन । मानवता भनेको टहरा जोगाउनु मात्र होइन; दीर्घकालीन रूपमा सुरक्षित, व्यवस्थित र सम्मानजनक जीवन सुनिश्चित गर्नु हो । यदि नदी किनारमै असुरक्षित अवस्थामा मानिसहरूलाई बसिरहन दिने हो भने त्यो पनि अर्को प्रकारको गैरजिम्मेवारी हुन्छ ।

वर्षेनि आउने बाढी, आगलागी, सरसफाइको अभाव, अपराध जोखिम र स्वास्थ्य समस्याले त्यही समुदायलाई सबैभन्दा बढी असर गरिरहेको छ ।


त्यसैले समाधानको मूल आधार तीनवटा हुनुपर्छ– कानूनी शासन, मानवीय पुनर्स्थापना र योजनाबद्ध शहरी विकास । यीमध्ये कुनै एक पक्षलाई मात्रै समातेर समस्या समाधान हुँदैन । केवल डोजरले समाधान हुँदैन, तर केवल भावनात्मक भाषणले पनि झन् हुँदै हुँदैन । यो सरकार अब केवल सुकुमवासी व्यवस्थापनको बहसमा मात्र सीमित हुनुहुँदैन, यो शहरी भूगोल, वातावरणीय न्याय र राज्यको दीर्घकालीन दृष्टिकोणको परीक्षामा खरो रूपमा उभिन सक्नुपर्दछ । एउटा भूगोलविद्को दृष्टिमा नदी केवल खाली जमिन होइन; त्यो प्राकृतिक निकास प्रणाली, पारिस्थितिक सुरक्षा क्षेत्र र शहरको जीवनरेखा हो ।

त्यसैले नदी किनारको अनियन्त्रित अतिक्रमणलाई निरन्तर वैधता दिनु भनेको भविष्यको काठमाडौंलाई अझ ठूलो बाढी, प्रदूषण, विपद् र अव्यवस्थित शहरी सङ्कटतर्फ धकेल्नु हो । तर यसको अर्थ मानव पीडालाई बेवास्ता गर्नु किमार्थ होइन । वास्तविक भूमिहीन, विपद् तथा द्वन्द्वपीडित नागरिकलाई सम्मानजनक पुनर्स्थापना, जीविकोपार्जन र आधारभूत सेवा सहितको सुरक्षित आवास उपलब्ध गराउनु राज्यको दायित्व हो। साँचो समाधान डोजर र भावनात्मक नारा बीच होइन, वैज्ञानिक शहरी योजना, सामाजिक न्याय, वातावरणीय संरक्षण र कानूनी शासनको सन्तुलनभित्र छ ।

यदि नेपालले आज पनि राजनीतिक स्वार्थका कारण समस्या थाती राख्यो भने, भोलिको सङ्कट केवल नदी किनारमा होइन, सम्पूर्ण शहरी संरचनामै विस्फोट हुनेछ ।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान
खर्गा दन्त उपचार केन्द्र प्रा.लि.
बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
☎ ९८४४३१२२४६
डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)
डाक्टर भेटने समय : प्रत्येक दिन बिह(न ९ बजेदेखि साँझ ५ बजेसम्म

**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।


पब्लिक टुडे पब्लिकेशन प्रा.लि. प्रस्तुत गर्दछ
रेडियो पब्लिक
९३.३ मेगाहर्ज
विकास र समृद्धिका लागि जन आवाजको प्रतीक
गौशाला न.पा.–१ रामनगर, महोत्तरी
बिहान ५ बजेदेखि राति ११ बजेसम्म
radiopublic93.3mhz@gmail.com
हामीलाई यहाँबाट पनि सुन्न सक्नुहुनेछ
हाम्रो पात्रो
LIVE
www.thepublictoday.com
सल्लाह सुझाव र प्रतिक्रियाको लागि सम्पर्क नं : ९८१२०४८५६६, ९८६८८२१२९८

### मधेसमा राजनीतिक तनाव:

# मुख्यमन्त्री र जसपाका सांसदबीच झन्डै हात हालाहाल





**सुभाष कर्ण**

*जनकपुरधाम, जेठ २० गते ।*

मधेस प्रदेशमा संवैधानिक निकाय जनलोकपाल आयोग र प्रदेश लोक सेवा आयोगमा सदस्यको नियुक्ति विवादले उग्ररूप लिएको छ ।

नीति तथा कार्यक्रममाथिको संशोधन प्रस्तावमाथि छलफल हुने कार्यसूची रहे पनि यही विषयलाई लिएर विपक्षी सांसदहरूले बैठक अवरुद्ध गरेका हुन् ।

बैठक सुरु भएसँगै विपक्षी दलहरूको तर्फबाट जसपा नेपालका सांसद सञ्जयकुमार यादवले प्रतिपक्षी दल र सभामुखलाई छलेर यी दुई आयोगमा गरिएको नियुक्ति ऐनविपरीत भएकाले तत्काल खारेज गर्नुपर्ने बताए ।

साथै मुख्यमन्त्रीले माफी माग्नुपर्ने अडान राख्दै विपक्षीहरूले बैठक अवरुद्ध गरेका थिए ।

सुरुमा १० मिनेटका लागि स्थगित भएको बैठक पटकपटक सहमति हुन नसकेपछि अनिश्चितकालका लागि स्थगित गरिएको छ ।

सहमति खोज्न प्रयासका लागि संसदीय दलका नेताहरूबीचको बैठकमा मुख्यमन्त्री कृष्णप्रसाद यादव र जसपा नेपालका सांसद एवं पूर्व अर्थमन्त्री सञ्जयकुमार यादवबीच चर्काचर्की भएको थियो ।

बैठकमा सहभागी एक सांसदका अनुसार सहमति खोज्न सभामुखले तीनपटक बैठक बसाए । तर प्रतिपक्षी दलहरूले आयोगमा गरिएको नियुक्ति खारेज गरी मुख्यमन्त्रीले माफी माग्नुपर्ने अडान दोहोऱ्याए ।

मुख्यमन्त्रीको भनाइ उद्धृत गर्दै ती सांसदले भने, 'मापदण्डअनुसार नियुक्ति गरिएकाले कुनै पनि हालतमा खारेज हुँदैन, माफी माग्ने कुरा त परै जाओस् ।' मुख्यमन्त्रीले त्यसो भनेपछि विवाद उत्पन्न भएको थियो ।

प्रतिपक्षी दलका तर्फबाट जसपा नेपालसँगको विवाद बढ्दै जाँदा हात हालाहालसम्मको अवस्था उत्पन्न भएको थियो ।

सतारूढ दलका सांसद रामसरोज यादवले जनलोकपाल र लोकसेवा आयोगमा सदस्य नियुक्तिको विषयले अवरूद्ध सदन सञ्चालनका लागि संसदीय दलका नेताहरूबीच बसेको बैठकमा विवाद भएको आफूले पनि सुनेको बताए ।

'सहमति खोज्न आ-आफ्ना पक्षका कुरा राख्न यस्ता वैचारिक विवाद भइरहेको हुन्छ, कुनै ठूलो कुरा होइन,' उनले भने ।

कांग्रेसकै अर्का सांसद सञ्जय महतोले पनि विवाद भएको पुष्टि गरेका छन् ।

उनले भने, 'मूलतः प्रतिपक्षी दलले नियुक्ति खारेज गरी मुख्यमन्त्रीलाई माफी माग्नुपर्ने अडान राख्दा वैचारिक विवाद भएको थियो ।'

*- बाँकी पृष्ठ ३ मा*

# बालक अपहरण गर्न खोज्ने पक्राउ

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, जेठ २० गते ।*

महोत्तरी प्रहरीले बालक अपहरण सम्बन्धी कसूर मुद्दाका एक फरार प्रतिवादीलाई रौतहटबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा रौतहट जिल्लाको गढीमाई नगरपालिका वडा नं. ७ बस्ने वर्ष २३ को नवराज अधिकारी रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

गत वैशाख ७ गते दिउँसो अन्दाजी २ बजे महोत्तरी जिल्लाबाट तीन जना अज्ञात मानिसले नम्बर नखुलेको मोटरसाइकलमा एक ८ वर्षीय बालकलाई राखेर अपहरण गरी लैजाँदै गरेका थिए ।

त्यस क्रममा बालक चिच्याएर कराएपछि स्थानीय बासिन्दाले देखेर उक्त मोटरसाइकललाई रोक्ने प्रयास गरेका थिए । स्थानीयले रोक्न खोजेपछि अपहरणकारीहरू बालकलाई सोही स्थानमा छाडेर फरार भएका थिए ।




प्रहरीले अनुसन्धानका क्रममा वारदातमा प्रयोग भएको ना ६४ प ७९९० नम्बरको मोटरसाइकल समेत बरामद गरेको थियो ।

उक्त घटनामा संलग्न प्रतिवादीहरूमध्येका अधिकारीलाई गत जेठ १५ गते दिउँसो अन्दाजी ३:३० बजे महोत्तरीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय रौतहटको आवश्यक सहयोगमा उनलाई रौतहटको गौर नगरपालिका वडा नं. ५ स्थित हस्पिटल चोकबाट नियन्त्रणमा लिइएको प्रहरीले उल्लेख गरेको छ ।

महोत्तरीका प्रहरी प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक पन्च लाल गोलेका अनुसार पक्राउ परेका अधिकारीमाथि थप अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरिएको छ र घटनाका सम्बन्धमा अन्य आवश्यक अनुसन्धान कार्य भइरहेको छ ।

# गर्मी छल्न बर्दिबासका विद्यालय बन्द

**राष्ट्रिय समाचार समिति**

*महोत्तरी, जेठ २० गते ।*

पछिल्ला पाँच दिनयता अचाक्ली बढेको गर्मी छल्न महोत्तरीको बर्दिबास नगर कार्यपालिकाको कार्यालयले नगर क्षेत्रका सबै विद्यालय दुई दिन बन्द गर्ने निर्णय गरेको छ ।

अत्यधिक बढेको गर्मीले बालबालिकाको स्वास्थ्यमा जोखिम बढ्नसक्ने बताउँदै बिहीबार (२१ जेठ) र शुक्रबार २२ (जेठ) दुई दिन नगरक्षेत्रका सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरू पूर्ण रूपमा बन्द गर्ने निर्णय भएको नगरका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले जानकारी दिए ।

बर्दिबास जिल्लामा सबैभन्दा बढी विद्यालय रहेको स्थानीयतह हो । यहाँ ५५ सामुदायिक र अन्य संस्थागत र धार्मिक गरी विद्यालयको सङ्ख्या ८० माथि छ । जिल्लामा गत शनिबारयता धेरै गर्मी बढेको छ । शनिबारयता निरन्तर मध्यान्हतिर ३८ डिग्री सेल्सियसको सेरोफेरोमा तापक्रम रहँदै आएको छ । गत आइतबार नै जिल्लाकै गौशाला-१२ कान्तिबजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा कक्षा कोठामै १० जना छात्रा बेहोस भएर ढलेका थिए । उपचारपछि सबै छात्रा अब ठिक भइसकेका छन् ।

दिनदिनै दिनभरि घामको प्रचण्ड राप र तातो हावा बहने क्रम बढेको छ । यसले जनजीवन निकै प्रभावित भएको छ । त्यस्तै एक/दुई दिनभित्र मौसममा सुधार नभए विद्यालय बन्द गर्नेबारे छलफल गरिने मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले बताए । जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीयतह छन् ।

गर्मी छल्न बर्दिबासले दुई दिन विद्यालय बन्द गर्ने निर्णय गरेपनि अन्य स्थानीयतहले भने अहिलेसम्म यस्तो सूचना गरेका जानकारी नभएको शिक्षा विकास समन्वय इकाई महोत्तरी कार्यालयका प्रमुख निर्मल घिमिरेले बताए ।

गर्मीले गर्दा हाटबजार र कार्यालयहरूमा पनि चहलपहल निकै घटेको छ । प्रचण्ड गर्मीका कारण महोत्तरीका हाटबजारमा सर्वसाधारणको आवागमन निकै घटेको छ ।

अत्यधिक गर्मीले विद्यालय पढ्न जाने ससाना नानीहरू, वृद्धवृद्धा, गर्भवती महिला, सुत्केरी महिला र कडा शारीरिक श्रम गर्ने मजदुर बढी समस्यामा परेका छन् ।

# १० महिनामा २० अर्ब ७९ करोडको खाद्यान्न आयात

**राष्ट्रिय समाचार समिति**

*महोत्तरी, जेठ २० गते ।*

वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा रु २० अर्ब ७९ करोड मूल्यको खाद्यान्न आयात भएको छ ।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा यो नाका हुँदै हुने आयात मूल्यमा रु तीन अर्ब ८७ करोड अर्थात् १५ प्रतिशतले गिरावट आएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिए ।

गत आवको १० महिनामा यहाँबाट रु २४ अर्ब ६६ करोड मूल्य पर्ने १६ थरिका खाद्यान्न आयात गरिएको थियो ।

चालु आवमा रु १० अर्ब ९४ करोड मूल्य पर्ने धान, रु पाँच अर्ब ३१ करोड मूल्यको मकै आयात र रु दुई अर्ब ८५ करोडको चामल आयात भएको छ ।

यसैगरी रु ५९ करोड मूल्यको माल्ट र रु ३३ करोड मूल्य बराबरको फापर, कोदो र अन्य खाद्यान्न आयात भएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी विष्टले जानकारी दिए ।

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री